# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**पोखरा, नेपाल**

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०४ गते

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत माध्यमिक विद्यालयमा STEM Lab स्थापना र सञ्चालन अनुदान कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८० बमोजिम मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित मिति २०८०/११/२३ गते भित्र सम्बन्धित जिल्लास्थित सामाजिक विकास कार्यालयहरुमा प्रस्तावसहितको फाइल पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | पेश गर्नुपर्ने कागजातहरु | प्रस्ताव पेश गर्न पाउने विद्यालय |
|---|---|---|
| १ | अनुसूची-३६ को ढाँचामा प्रस्ताव र माग निवेदन | गण्डकी प्रदेश सरकारबाट यसअघि STEM Lab स्थापना र सञ्चालन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालय |
| २ | विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि | चालु आवमा मन्त्रालयको वार्षिक विकास कार्यक्रम अन्तरगत रही प्रयोगशाला सुदृढीकरण र सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम कार्यान्वयनका लागि अनुदान प्राप्त नगरेका विद्यालय |
| ३ | स्थानीय तहबाट चालु शैक्षिक सत्रको कक्षा ६-१० को प्रमाणित विद्यार्थी विवरण र सम्बन्धित स्थानीय तहबाट आव २०७९/८० र चालु आ.व.मा STEM Lab स्थापना अनुदान प्राप्त नगरेको सम्बन्धमा स्पष्ट खुलाई कार्यक्रमका लागि सिफारिस | कक्षा (६-१०) मा कक्षागत औषत विद्यार्थी कम्तीमा २० जना अध्ययनरत विद्यालय |
| ४ | प्रयोगशाला स्थापनाका लागि यस मन्त्रालयबाट आ.व २०७८/०७९ मा स्वीकृत गुरुयोजनामा उल्लेख भए बमोजिमको भौतिक संरचना उपलब्ध भएको सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र र स्थानीय तहको सिफारिस | प्रयोगशाला स्थापनाका लागि यस मन्त्रालयबाट आ.व २०७८/०७९ मा स्वीकृत गुरुयोजनामा उल्लेख भए बमोजिमको भौतिक संरचना उपलब्ध हुन सक्ने विद्यालयहरु |
| ५ | स्थानीय तहको लागत साझेदारी र प्राथमिकता निर्धारण सहितको सिफारिस | विद्यालयले पेश गर्ने फायलमा स्थानीय तहको लागत साझेदारीको विवरण र प्राथमिकतासहितको सिफारिस अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । |

यससम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा तथा मूल्याङ्कनका आधारहरु, STEM Lab को गुरुयोजना सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेबसाइट mosd.gandaki.gov.np मा राखिएको "सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षणसम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८०" बाट प्राप्त गर्न सकिनेछ । मापदण्डमा तोकिए बमोजिमको कागजातहरुसहित म्यादभित्र प्राप्त प्रस्तावहरु मात्र मूल्यांकन प्रक्रियामा समावेश गरिनेछ ।

यससम्बन्धी थप जानकारी, प्रस्तावको ढाँचा तथा मूल्यांकनका आधारहरु, STEM Lab को गुरुयोजना सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेबसाइट mosd.gandaki.gov.np मा राखिएको "सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षणसम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८०" बाट प्राप्त गर्न । सकिनेछ । मापदण्डमा तोकिए बमोजिमको कागजातहरु सहित म्याद भित्र प्राप्त प्रस्तावहरु मात्र मूल्यांकन प्रक्रियामा समावेश गरिनेछ